का.जि.प्र.का.द.नं. १००/०५९/६०

१२ असार २०८०,
मंगलबार
27 June 2023,
Tuesday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २१, अंक १५२ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com



नागरिकता विधेयक प्रमाणीकरण भई कार्यान्वयनमा आएसँगै सोमबार जिल्ला प्रशासन कार्यालय सर्लाहीमा नागरिकता लिनेको लाइन । तस्वीर: विश्वनाथ ठाकुर, रासस

नक्कली शरणार्थी प्रकरण

# दोस्रो चरणको अनुसन्धान झा र थापामा केन्द्रित

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ११ असार ।

नक्कली भुटानी शरणार्थी प्रकरणमा थप एक जना पक्राउ परेका छन् । पक्राउ पर्नेमा आशिष बुढाथोकी रहेका छन् । प्रहरीका अनुसार बुढाथोकीलाई काठमाडौंको गोल्फुटारबाट पक्राउ गरिएको हो ।

उनको खाता प्रयोग भएको देखिएकोले उनलाई अनुसन्धानको दायरामा ल्याइएको प्रहरीले जनाएको छ ।

यस प्रकरणमा अहिलेसम्म १८ जना पक्राउ परेका छन् । तीमध्ये २ जनाबाहेक १६ जनालाई काठमाडौं जिल्ला अदालतले थुनामा पठाउन आदेश दिएको थियो ।

काठमाडौं जिल्ला सरकारी वकिल कार्यालयले नेपाली नागरिकलाई नक्कली भुटानी शरणार्थी बनाएर अमेरिका पठाइदिने भनी विभिन्न व्यक्तिलाई ठगी गरेको प्रकरणमा पूर्वउपप्रधानमन्त्री टोपबहादुर रायमाझी, पूर्वगृहमन्त्री बालकृष्ण खाण, पूर्वगृहसचिव टेकनारायण पाण्डे, भुटानी शरणार्थीका नेता टेकनाथ रिजालसहित ३० जनालाई मुद्दा लगाएको थियो । उनीहरूविरूद्ध २०८० जेठ १० गते सरकारी वकिलको कार्यालयले ठगी, लिखत कीर्ते, राज्यविरूद्ध र संगठित अपराधको कसूरको मुद्दा दर्ता गराएको थियो ।

शरणार्थी प्रकरणमा प्रहरीले दोस्रो चरणको अनुसन्धान पनि जारी राखेको छ । २०७९ चैत १२ मा मोरङका केशव दुलाल, पाँचथरका टंक गुरुङ र ललितपुर घर भएका सानु भण्डारीलाई पक्राउ गरेर प्रहरीले पहिलो चरणको अनुसन्धान पुरा गरेको थियो । संगठित ठगी मुद्दामा ६० दिन अनुसन्धान गरेर प्रतिवेदन बुझाएसँगै जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंले प्रहरीलाई दोस्रो चरणको अनुसन्धान गर्न निर्देशन दिएको थियो ।

> प्रहरीले बेचन झा र गोकुल थापाबारे अनुसन्धान केन्द्रित गरेको छ । शरणार्थीको कोटामा अमेरिका पठाउन खोज्नेहरुबाट बेचन झाले दुई करोडको चेक बुझेको प्रहरीको अनुसन्धानबाट खुलेको जनाइएको छ ।

दोस्रो चरणको अनुसन्धानमा प्रहरीले बेचन झा र गोकुल थापाबारे अनुसन्धान केन्द्रित गरेको छ । शरणार्थीको कोटामा अमेरिका पठाउन खोज्नेहरुबाट बेचन झाले दुई करोडको चेक बुझेको प्रहरीको अनुसन्धानबाट थाहा भएको छ ।

टोखा नगरपालिका-६ स्थित धापासी घर भएका रामशरण केसीले झालाई दुई करोडका चेक दिएको भेटिएको प्रहरीले जनाएको छ । ५१ वर्षीय रामशरण पुर्पक्षका लागी थुनामा छन् ।

भुटानी शरणार्थी प्रकरणको योजनाकार मध्येका सानु भण्डारीले भनेर आफ्नो नाममा रहेको हिमालयन बैंकको दुई करोडको चेक झालाई दिएको रामशरणले बयानमा खुलाएका छन् । केसीका अनुसार २०७८ मंसिर ८ मा नयाँ बानेश्वरस्थित ह्वाइट हाउस कलेज अगाडि झाले चेक बुझेका हुन् ।

पृष्ठ २ मा

# पशुपतिमा तत्कालीन राष्ट्रपति र प्रधानमन्त्रीको नाम !

पशुपतिको मन्दिरमा राखिएको जलहरीको नापजाँचका क्रममा नयाँ तथ्य खुलेको छ । अख्तियार दुरुपयोग अनुसन्धान अयोगको अग्रसरतामा भएको नापजाँचका क्रममा पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी र पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीसहित १३ जनाको नाम रहेको पाइएको हो ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ११ असार ।

पशुपतिनाथको मन्दिरमा राखिएको सुनको जलहरीमा अपचलन भएको भनी उजुरी परेपछि अख्तियार दुरुपयोग आयोगले त्यसमाथि छानबिन गरिरहेको छ । छानबिनका क्रममा नयाँ तथ्यहरु फेला परेको छ ।

आइतबार मन्दिर परिसर पूर्णरुपमा खालि गराई सुनको जलहरी निकालेर नापजाँच गरिएको थियो । राष्ट्र बैंकबाट १०३ किलो ७ सय ७३ ग्राम सुन किनेर राखिएको जलहरीमा नापतौलका क्रममा सुनको परिमाण र गुणस्तरबारे सम्पूर्ण तथ्यहरू अनुसन्धान पूरा

पृष्ठ २ मा



१२ माघ २०७७ मा पशुपति परिसरमा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीलगायत ।
फोटो : तत्कालीन प्रधानमन्त्रीको सचिवालय ।

## असोज ७ गते अदालतमा पेसी

पशुपति क्षेत्र विकास कोषमा लामो समयदेखि आबद्ध नरोत्तम वैद्यले ओली नेतृत्वको सरकारले पशुपतिमा सुनको जलहरी राखेको विषयमा सर्वोच्च अदालतमा रिट दायर गरेका थिए । धर्मनिरपेक्षता राष्ट्रमा धार्मिक कार्यका लागि राज्य कोषबाट करोडौं रकम खर्च गरिएको विषय

पृष्ठ २ मा

## संसदमा चर्को बहस



पूर्वराष्ट्रपति, पूर्वप्रधानमन्त्री र पूर्वसंस्कृतिमन्त्रीको नामबाट पशुपतिनाथलाई पानी खुवाउनुपर्ने हो ?

■ **रामहरि खतिवडा**
सांसद, कांग्रेस



जलहरीमा भ्रष्टाचार भएको भन्ने आरोप गम्भीर विषय हो । यसको छानबिनका लागि संसदीय समिति गठन गरौं ।

■ **प्रदीप पौडेल**
सांसद, कांग्रेस



केपी ओलीले पशुपतिमा नाम लेखाउने रहर जागेर चाँदी हटाएर सुनको जलहरी लगाउनु भएको रहेछ ।

■ **लेखनाथ दाहाल**
सांसद, माओवादी



पूर्वप्रधानमन्त्री, पूर्वराष्ट्रपति, पूर्वसंस्कृतिमन्त्रीको नाम लेखियो भन्नेकुरा पूर्वाग्रहपूर्ण हो, केपी ओलीको लोकप्रियता छ, राष्ट्रले भरोसा गरेको छ, त्यसको विरुद्धमा यो आएको हो ।

■ **महेश बर्तौला**
सचेतक, एमाले

पशुपतिनाथ मन्दिरमा राखिएको सुनको जलहरीमा पूर्वराष्ट्रपति, पूर्वप्रधानमन्त्री, पूर्वमन्त्रीहरूको नाम लेखिएको तथ्य बाहिरिएसँगै संसदमा बहस सुरु भएको छ ।

कांग्रेस सांसद रामहरि खतिवडा जलहरीमा पूर्वराष्ट्रपति, पूर्वप्रधानमन्त्री, पूर्वमन्त्रीहरुको नाम

पृष्ठ २ मा

# मृत्युमार्ग बन्दै सडकमार्ग

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, ११ असार ।

गतहप्ता सुदूरपश्चिम प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री पृथ्वीबहादुर सिंहको सडक दुर्घटनामा परी मृत्यु भयो । कार्यक्रमका लागि हिँडेका मन्त्री सिंहको बझाङमा गाडी दुर्घटना हुँदा उनकी पत्नी अमृता सिंह र भाउजु जयादेवी सिंहको घटनास्थलमै मृत्यु भएको थियो । त्यसको केही दिनपछि अर्थात् शनिबार कर्णाली प्रदेशसभा सांसद कल्याणी खड्का चढेको गाडी दुर्घटना पर्यो । चौरजहारी बजारबाट कोटजहारी जाँदै गर्दा अनियन्त्रित भई सडकबाट गाडी तल खसेपछि उनी सहित ९ जना घाईते भएका थिए । त्यस्तै केही समयअघि स्याङ्जा चापाकोटका मेयरको गाडी दुर्घटनामै मृत्यु भएको थियो ।

माथि उल्लेखित घटना त प्रतिनिधि घटना मात्रै हो, पछिल्ला दिनमा उपत्यका सहित देशभरिकै विभिन्न स्थानमा सडक दुर्घटनाको संख्या उच्च देखिन थालेको छ । प्रहरी प्रधान कार्यालयको तथ्यांक नै हेर्ने हो भने पनि पछिल्लो ८ वर्षमा नेपालमा सडक दुर्घटनामा ज्यान गुमाउनेको संख्या १९ हजार ३५८ पुगेको छ भने ९६ हजार घाइते भएका छन् । आर्थिक वर्ष २०७८/०७९ मा देशभर ३९ हजार ३ सय ७९ वटा सवारी-साधन दुर्घटना भएका थिए भने दुर्घटनामा परेर २ हजार ८ सय ८३ जनाले ज्यान गुमाएका छन् । सडक दुर्घटनाबाट मानिस मात्रै होईन, ७ सय बढी पशुचौपाया मारिएका छन् भने ३ सयको हाराहारीमा घाइते भएका छन् ।

'सवारीसाधनको यान्त्रिक परीक्षण नहुँदा पनि दुर्घटना दैनिक बढ्दै छ, अर्को कारण सडक सुरक्षा बारेको अज्ञानता पनि हो । यसमा सबैभन्दा खतरामा युवा समूह रहेको देखिन्छ,' यातायातविज्ञ आशिष गजुरेलले भने । उनले सस्तो र व्यापारिक दृष्टिकोणले मात्रै सवारी साधनको प्रयोग हुँदा दुर्घटना बढेको बताएका हुन् ।

दुर्घटना न्यूनीकरणका लागि सरकारले स्पष्टसँग सडक संकेत राख्ने, सडकमा उच्च मात्रामा दुर्घटना न्यूनीकरणका प्रविधि परिचालन गर्ने, तत्काल उपचारका लागि राजमार्ग केन्द्रित दुर्घटनाको छिटो उपचार हुने अस्पताल खोल्ने कार्यमा पहलकदमी लिनुपर्नेमा देखिएको छ । त्यस्तै, यान्त्रिक कारणबाट हुने दुर्घटना टार्न २० वर्ष पुराना

पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष



# साउदी दूतावासले फेरि लगायो शैक्षिक प्रमाणपत्रको नियम

**मध्यान्ह संवाददाता**
काठमाडौं, ११ असार

नेपालस्थित साउदी अरेबियाको दूतावासले वैदेशिक रोजगारीका लागि जाने नेपाली कामदारको भिसाका लागि परराष्ट्र मन्त्रालयअन्तर्गत कन्सुलर सेवा विभागबाट प्रमाणीकरण गरेको शैक्षिक प्रमाणपत्र पेश गर्नुपर्ने नियम पुनः लगाएको छ ।

गत जुन १२ तारिखदेखि रोजगारीका लागि साउदी अरेबिया जाने कामदारहरूले परराष्ट्र मन्त्रालय अन्तर्गत कन्सुलर सेवा विभागबाट प्रमाणीकरण गरेको शैक्षिक प्रमाणपत्र पेश गर्नुपर्ने नियम सार्वजनिक गरेको थियो ।

त्यसमा नेपाल वैदेशिक रोजगार व्यवसायी संघलगायतले चर्को विरोध गरेपछि दूतावासले माथिल्ला पदहरूमा प्रमाणीकरण भएको शैक्षिक प्रमाणपत्र पेश गर्नुपर्ने भएपनि लेबर भिसामा जाने कामदारको हकमा प्रमाणित गरेको शैक्षिक प्रमाणपत्र अनिवार्य नगरिएको जनाएको थियो । त्यसपछि दुई हप्ता सहजरूपमा भिसा प्रदान गरिएको थियो ।

तर आइतबारदेखि दूतावासले पुनः भिसाका लागि प्रमाणित गरेको शैक्षिक प्रमाणपत्र अनिवार्य गरेको वैदेशिक रोजगार व्यवसायीहरूले बताएका छन् । दूतावासले आधिकारिकरूपमा केही जानकारी नदिएपनि भिसा नदिएको नेपाल वैदेशिक रोजगार व्यवसायी संघको साउदी समस्या समाधान समितिका संयोजक वैकुण्ठ प्रसाद पौडेल 'वैभव'ले मध्यान्हलाई जानकारी दिए ।

बकर ईदका कारणले साउदी अरेबियामा लामो बिदा परेको छ । पेश भएका राहदानीमा मंगलबार भिसा नलागेमा बकर ईदपछि मात्रै भिसा लाग्ने अवस्था छ । संयोजक पौडेलले भिसाको समस्या सिर्जना भएलगत्तै आफ्नो सम्पर्क सुत्रबाट समस्या समाधानका लागि पहल गरेको तर दूतावासले बकर ईदका कारण धेरै कर्मचारी बिदामा गएको भन्दै समस्या समाधानका लागि गाह्रो रहेको जवाफ दिएको बताए । पौडेलले मंगलबार दूतावासमा सम्पर्क गरेर शैक्षिक प्रमाणपत्र अनिवार्य नगर्न पुनः आग्रह गर्ने जानकारी दिए ।

संघले भिसाका लागि शैक्षिक प्रमाणपत्र माग गर्ने साउदी दूतावासको निर्णय अव्यवहारिक भएको भन्दै विरोध गरेका छ । अदक्ष नेपाली

पृष्ठ २ मा

## सर्लाही प्रशासनले ठगी रकम फिर्ता गरायो

**लक्ष्मण यादव/मध्यान्ह**
सर्लाही, ११ असार

जिल्ला प्रशासन कार्यालय सर्लाहीले वैदेशिक रोजगारीको क्रममा ठगीमा परेका एक व्यक्तिको रकम फिर्ता गराएको छ ।

वैदेशिक रोजगारीको क्रममा ठगीमा परेका जिल्लाको चक्रघट्टा गाउँपालिका-३ का सूर्याकुमार साहको दुई लाख रुपैयाँ रकम सो कार्यालयले गराइदिएको हो ।साहलाई



वैदेशिक रोजगारीमा पठाइदिने भन्दै ईश्वरपुर नगरपालिका-३ का वीरेन्द्र साहले दुई लाख रुपैयाँ लिएको तर पछि

पृष्ठ २ मा


## जरुरी सूचना

### आदरणीय व्यवसायीज्यूहरु,

प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मंच, नेपालले व्यवसाय प्रवर्द्धनको लागि आगामी August 15th – 30th, यूरोपका बिभिन्न श्रम गन्तव्य मूलुकहरूमा भ्रमण गर्न गैरहेको सहर्ष जानकारी गराउँदै यस भ्रमणमा सहभागी हुन इच्छुक व्यवसायीज्यूहरुलाई एक हप्ता भित्रमा निम्नानुसारको चेकलिस्ट बमोजिम डकुमेन्टहरु यस संस्थाको ईमेल pffean2071@gmail.com वा सिधै मंचको कार्यालयमा उपलब्ध गराईदिनुहुन हार्दिक अनुरोध गर्दछौं ।

**भिसा चेकलिस्ट**

१. सक्कल राहादानी (यदि तपाईसँग पुरानो राहादानी छ भने पनि पेश गर्न गर्नुपर्नेछ)
२. सेतो पृष्ठभूमिमा MRP फोटो ३५*३५ MM
३. कम्पनी दर्ता प्रमाणपत्र
४. PAN/VAT प्रमाणपत्र
५. कर चुक्ता प्रमाणपत्र आ.व. २०७७/७८ र २०७८/२०७९
६. कम्पनी लेटरहेड
७. पछिल्लो ६ महिनाको व्यक्तिगत बैंक स्टेटमेन्ट

**दलबीर भण्डारी**
**कार्यवाहक अध्यक्ष**

**प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मंच नेपाल**
**Progressive Forum of Foreign Employment Agencies Nepal**
Pingasthan, Kathmandu, Nepal ☎ +977-1-4464301/4464726 pffean2071@gmail.com www.pffean.com.np

मध्यान्ह
www.madhyanhadaily.com
१२ असार २०८०, मंगलबार
27 June 2023, Tuesday

जसपा विधान अधिवेशन

# ७० वर्षे उमेर हदको प्रस्ताव, एउटै पदमा दुई कार्यकालभन्दा बढी बस्न नपाइने

**काठमाडौं/मस**–जनता समाजवादी पार्टी (जसपा) नेपालको जारी विधान अधिवेशनमा समूहगत छलफल शुरु भएको छ । प्रज्ञा प्रतिष्ठानमा आइतबारदेखि शुरु भएको अधिवेशनको उद्घाटन सत्रपछि अध्यक्ष उपेन्द्र यादवले विधानको मस्यौदा प्रस्तुत गरेका थिए ।

अध्यक्ष यादवले पेस गरेको प्रस्तावित विधानको मस्यौदामा ७० वर्षे उमेर हदको प्रस्ताव गरिएको छ । प्रस्तावित विधानको दफा ८६ मा भनिएको छ, ‘७० वर्ष उमेर भएको व्यक्ति केन्द्रीय समिति, प्रदेश समिति, राष्ट्रिय समिति र जिल्ला समितिमा पदाधिकारी पदमा निर्वाचित हुन वा मनोनित हुन पाउने छैन ।’ विधान मस्यौदामा पार्टीको केन्द्रीय समिति एक सय ५१ सदस्यीय हुने र एक व्यक्ति एकै पदमा दुई पटकभन्दा बढी रहन नपाउने व्यवस्थाका लागि प्रस्ताव गरिएको छ ।

नयाँ विधानबमोजिम जसपामा अब अध्यक्ष एक, सहअध्यक्ष एक, उपाध्यक्ष तीन, महासचिव एक, उपमहासचिव तीन, सचिव तीन र कोषाध्यक्ष एक गरी १३ सदस्यीय पदाधिकारी चयन हुनेछन् । पदाधिकारी तथा सदस्यहरुको निर्वाचन गर्दा तीन जना निर्वाचित हुने पदमा एक जना महिलासहित सामाजिक समूहहरुको समावेशी हुनुपर्ने उल्लेखछ ।

अब यो विधान पारित भएर लागू भएपछि पार्टीमा एकै व्यक्ति दुई कार्यकालभन्दा बढी समय नेतृत्वमा रहन पाउने छैनन् भने ७० वर्षको उमेर




हदसमेत लाग्नेछ । उक्त पार्टीको विधान मस्यौदाको प्रस्तुति आज मात्र सम्पन्न भएको थियो । प्रस्तुत मस्यौदामाथि छलफलका लागि १० वटा समूह बनाइएको र विधान मस्यौदामाथि ती समूहले छलफल गरी मंगलबार प्रत्येक समूहको एक-एक जना नेताले विधानको बारेमा आफ्ना धारणा राख्ने कार्यतालिका रहेको सो पार्टीका केन्द्रीय प्रचार विभाग प्रमुख पूर्ण बस्नेतले जानकारी दिए ।

उनका अनुसार समूहका नेताबाट आएको सुझावका आधारमा विधानलाई संशोधन गरी पारित गरेर विधान अधिवेशन सकिने कार्यतालिका रहेको छ ।

जसपाले नयाँ विधानमा ७० वर्ष उमेर हद तोकेको र ७० वर्ष उमेर पुगेका व्यक्ति पार्टीको केन्द्रीय सदस्य हुन नपाउने प्रावधान विधानको मस्यौदामा रहेको केन्द्रीय प्रचार विभाग प्रमुख बस्नेतले बताए ।

यसैगरी जातीय/सामुदायिक समूहहरुबाट ७० प्रतिशत र खुला प्रतिस्पर्धाबाट ३० प्रतिशत केन्द्रीय सदस्यहरु निर्वाचित हुने छन् । निर्वाचित गर्दा कम्तीमा एक तिहाइ महिला र ४० प्रतिशत युवा हुनुपर्ने, एक व्यक्ति एक प्रमुख जिम्मेवारीको नीति लिनेछ । पदेनबाहेक माथिल्लो समितिका व्यक्तिहरु तल्लो समिति र तल्लो समितिका व्यक्ति माथिल्लो समितिमा रहन नपाउनेसमेत विधानमा राखिएको छ । राष्ट्रिय महाधिवेशनमा प्रतिनिधि चुनिन तथा केन्द्रीय समितिको सदस्यको उम्मेदवार हुनका लागि कम्तीमा १० वर्ष संगठित पार्टी सदस्य भएर काम गरेको हुनुपर्ने प्रावधान रहेको छ । तर, जातीय/सामुदायिक समावेशी र महिलाको हकमा सात वर्ष मात्र तोकिएको केन्द्रीय प्रचार विभाग प्रमुख बस्नेतले बताए ।

उनका अनुसार अन्य पार्टी परित्याग गरी पार्टीमा प्रवेश गरेका व्यक्तिको हकमा पहिलो पटकका लागि महाधिवेशन वा अधिवेशनको प्रतिनिधि हुन कुनै पनि समिति र निकायको पदका लागि पार्टी सदस्यताको अवधिसम्बन्धी बाध्यात्मक व्यवस्था लागू नहुने विधानको मस्यौदामा उल्लेख छ । केन्द्रीय समितिको सदस्यको योग्यता पुगेको र आर्थिक प्रशासन तथा लेखा परीक्षणका विषयमा व्यावहारिक ज्ञान भएको व्यक्ति केन्द्रीय लेखा आयोगका पदाधिकारी र सदस्यका लागि योग्य हुने विधानको मस्यौदामा उल्लेख गरिएको छ । निर्वाचनसम्बन्धी कानुनी तथा व्यावहारिक ज्ञान भएको केन्द्रीय समिति सदस्यको योग्यता पुगेको व्यक्ति केन्द्रीय निर्वाचन आयोगको पदाधिकारी एवं सदस्यका लागि योग्य हुने भनिएको छ ।

प्रदेश तथा राष्ट्रिय समितिको सदस्य हुन कम्तीमा पाँच वर्ष सङ्गठित पार्टी सदस्य भई काम गरेका र जिल्ला वा सोभन्दा माथिल्लो समिति वा प्रादेशिक विभागको सदस्य वा जनवर्गीय संगठनको प्रदेश पदाधिकारी भई काम गरेको हुनुपर्ने भनिएको छ । तर महिला र दलितको हकमा संगठित पार्टी सदस्य भई कुनै पनि पार्टी सङ्गठन र जिल्ला समिति वा प्रदेश वा सोभन्दा माथिल्लो विभाग वा जनवर्गीय सङ्गठनमा कम्तीमा पाँच वर्ष काम गरेको हुनुपर्ने भनिएको छ ।

# ‘नेपालको एक इन्च भूमि पनि अतिक्रमण हुन दिइने छैन’

**काठमाडौं/मस**–परराष्ट्रमन्त्री नारायणप्रकाश साउदले नेपालको एक इन्च भूमि पनि अतिक्रमण हुन नदिने प्रतिबद्धता जनाएका छन् । विनियोजन विधेयक, २०८० अन्तर्गत मन्त्रालयका विभिन्न शीर्षकमाथिको छलफलका क्रममा सांसदले उठाएका प्रश्नको जवाफ दिँदै उनले नेपालको एक इन्च भूमि पनि अतिक्रमण हुन नदिने गरी सीमा समस्या आपसी समझदारीमा समाधान गर्ने सहमति प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’को भारत भ्रमणका क्रममा भएको बताए ।



प्रधानमन्त्रीको भारत भ्रमण दुई देशबीचको सम्बन्ध अघि बढाउन फलदायी भएको मन्त्री साउदले सुनाए । उनका अनुसार भ्रमणका क्रममा दीर्घकालीन ऊर्जा व्यापार सम्झौतामा प्रारम्भिक हस्ताक्षर भएको थियो । भ्रमणका अवसरमा पाँच सय ५६ मेघावाटको माथिल्लो तामाकोशीको विद्युत् भारतमा निर्यातका लागि भारतसँग छलफल भएको छ ।

आन्तरिक विद्युत् खपत गर्ने नीति सरकारले लिएको उल्लेख गर्दै भारत भ्रमणमा निजी क्षेत्रका अधिकारीहरु निजी खर्चमा गएको पनि मन्त्री साउदले स्पष्ट पारे । सरकारी सञ्चारमाध्यमसहित सरकारी प्रतिनिधिमण्डलको भ्रमण खर्च सरकारले व्यहोरेको पनि उहाँले संसद्मा जानकारी गराए ।

दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) लाई गतिशील बनाउन सरकार लागिपरेको उल्लेख गर्दै सार्क संयन्त्रलाई सर्वसम्मतिले चलाउनुपर्ने व्यवस्था रहेकामा सहमति नभएकाले नै प्रक्रिया अघि बढ्न नसकेको मन्त्री साउदले बताए ।

आर्थिक कूटनीतिलाई सक्रिय बनाउन गैरआवासीय नेपालीलाई पनि सहयोगीका रुपमा परिचालन गरिएको मन्त्रालयले जनाएको छ । नेपाललाई विकासशील राष्ट्रमा स्तरोन्नति गर्न आवश्यक काम भएको, विकास सहयोग निरन्तरताका पक्षमा द्विपक्षीय र बहुपक्षीय रुपमा काम भएको मन्त्री साउदले बताए ।

राजदूतको नियुक्ति गर्दा निर्देशिकाअनुसार काम भएको मन्त्री साउदको भनाइ थियो । गैरआवासीय नेपालीको लगानीका लागि मन्त्रालयले सहजीकरण गर्दै आएको, परराष्ट्र मामिला अध्ययन प्रतिष्ठानलाई सुदृढ तुल्याइने मन्त्रालयले जनाएको छ । राहदानी सेवालाई राहदानी विभागले सहज बनाएको, राहदानी अझ सहज रुपमा वितरण गर्न काम गरिने पनि मन्त्री साउदको विचार थियो ।

मन्त्रालयका महत्वपूर्ण अभिलेख राष्ट्रिय अभिलेखालयसँगको सहकार्यमा सुरक्षित रुपमा राखिने मन्त्री साउदको प्रतिबद्धता थियो । त्यसका लागि काम सुरु भइसकेको उनको भनाइ थियो । आगामी आर्थिक वर्षमा पनि यसले निरन्तरता पाउने मन्त्री साउदले उल्लेख गरे ।

सांसद रघुजी पन्तले भारतको संसद्मा राखिएको नक्साका बारेमा सरकारको आधिकारिक धारणा माग गरे । सांसदहरु प्रेम सुवाल, सन्तोष परियार, ज्वालाकुमारी साह, माधव सापकोटा, दामोदर पौडेल, सम्झना थपलिया, असीम साह, नारायणप्रसाद आचार्य लगायतले प्रतिप्रश्न गरेका थिए ।

### पशुपतिमा...

भएपछि मात्र सार्वजनिक गर्ने बताएको छ ।

तर, अख्तियार दुरुपयोग अनुसन्धान अयोगको अग्रसरतामा भएको नापजाँचका क्रममा पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी भण्डारी र पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीसहित १३ जनाको नाम रहेको पाइएको छ । तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारी, तत्कालीन संस्कृतिमन्त्री भानुभक्त ढकाल, तत्कालीन पशुपति क्षेत्र विकास कोषका सदस्य सचिव प्रदीप ढकाल, कोषका कोषाध्यक्ष, पशुपतिका मूल भट्ट, अन्य दुई मूल पूजारीसहित १३ जनाको नाम कुँदिएको पाइएको हो । अनुसन्धानमा संलग्न अधिकारीहरु भन्छन्, ‘विद्या भण्डारी, केपी ओली, भानुभक्त ढकाल लगायतले जलहरीमा नाम कुँदेर आफू अमर रहन खोजेको देखिन्छ ।’

### असोज...

उचित नरहेको तर्क गर्दै परेको मुद्दामा आगामी असोज ७ गते पेसी तोकिएको छ ।

रिटमा वैद्यले पशुपतिमा पहिलेदेखि रहेको चाँदीको जलहरी निकालेर अनावश्यक तोडमोड गरी करोडौं रुपैयाँ खर्च गरेर सुनको जलहरी राखेर राज्यकोषको दुरुपयोगका साथै प्राचीन सम्पदाको तोडमोड गरिएको आरोप लगाइएको छ ।

### संसदमा...

लेखिनुको कारण पत्ता लगाउन आवश्यक रहेको बताउँछन् । उनको प्रश्न छ, ‘पूर्वराष्ट्रपति, पूर्वप्रधानमन्त्री र पूर्वसंस्कृतिमन्त्रीको नामबाट पशुपतिनाथलाई पानी खुवाउनुपर्ने हो ?’

कांग्रेसकै अर्का सांसद प्रदीप पौडेलले पशुपतिनाथ मन्दिरमा राखिएको जलहरी बारे छानबिन गर्न संसदीय समिति बनाउन माग गरे । प्रतिनिधि सभाको बैठकमा शून्य समयमा बोल्ने क्रममा कांग्रेस नेता पौडेलले जलहरीमा भ्रष्टाचार भएको भन्ने आरोप गम्भीर विषय भएकाले छानबिनका लागि संसदले समिति आवश्यक रहेको बताए ।

पौडेलले अख्तियारको अनुसन्धान प्रक्रियामा समेत प्रश्न उठाए । ‘उजुरी परेको दुई वर्षपछि बल्ल अख्तियारले छानबिन गर्न लागेको छ । महालेखाको प्रतिवेदनमा प्रष्ट आएको विषयमा यति ढिलो छानविन किन गऱ्यो ? उनको प्रश्न छ ।

माओवादी केन्द्रका सांसद लेखनाथ दाहालले पशुपतिनाथ मन्दिरमा सुनको जलहरी राख्ने तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको निर्णय गलत भएको बताए ।

उनी भन्छन्, ‘केपी ओलीले सुनको जलहरीमा आफ्नो नाम लेख्नु भएको छ । विद्या भण्डारीको नाम, भानुभक्त ढकालको नाम, लगायत धेरैको नाम लेख्नुभएको रहेछ । पशुपतिमा नाम लेखाउने रहर जागेर उहाँले लगाउनु भएको रहेछ ।’

सांसद दाहालले जलहरी प्रकरणबारे अख्तियारले हात सबै विषय बाहिर ल्याउनुपर्ने माग गरे । दाताहरूले दिएको पैसा कति छ ? त्यसको पनि विवरण सार्वजनिक गर्नुपर्ने भन्दै उनले थपे, ‘बदनियतपूर्ण ढंगले सुनको जलहरी राखिएको रहेछ ।’

सरकारको नीति तथा कार्यक्रममाथिको संसद्को छलफलमा भाग लिने क्रममा सांसद दाहालले महालेखा परीक्षकको प्रतिवेदन उल्लेख गर्दै उनले जलहरी प्रकरणबारे बोलेका थिए । त्यसको विरोधमा एमालेले संसद अवरोध गरेपछि सभामुखले उक्त कुरा संसद्को रेकर्डबाट हटाउन लगाएका थिए ।

तर, प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका सचेतक महेश बर्तौला पशुपतिनाथको जलहरीमा उद्घाटन गर्नेको नाम हुनु स्वभाविक रहेको बताउँछन् । ‘पूर्वप्रधानमन्त्री, पूर्वराष्ट्रपति, पूर्वसंस्कृतिमन्त्रीको नाम लेखियो भन्नेकुरा पूर्वाग्रहपूर्ण हो, केपी ओलीको लोकप्रियता छ, राष्ट्रले भरोसा गरेको छ, त्यसको विरुद्धमा यो आएको हो’ उनले भने ।

### नक्कली...

ठगीमा संलग्न आरोपमा ३० जनालाई प्रतिवादी बनाएर अदालतमा मुद्दा दायर गरेको थियो । प्रतिवादी कायम गर्दा नाम र वतन नखुलेकामाथि दोस्रो चरणको अनुसन्धान केन्द्रित छ । अनुसन्धानको केन्द्रमा रहेका अर्का व्यक्ति हुन्- गोकुल थापा । भक्तपुरको बालकोटस्थित सिरुटारमा गोकुल थापाको घर छ । प्रतिवादी रामशरण केसीले पीडितसँग पैसा उठाएर गोकुल थापालाई बुझाएको बयान दिएका छन् ।

पूर्वगृहमन्त्री रामबहादुर थापा बादलका छोरा प्रतिक थापालाई प्रतिवादी कायम गरेर पनि मुद्दा दायर गरिएको छ । तर, उनी फरार छन् ।

पहिलो चरणको अनुसन्धान अवधिभर प्रहरीले प्रतिकलाई तिव्र खोजी गरेपनि उनी भेटिका थिएनन् । अनुसन्धानमा संलग्न प्रहरी अधिकृतहरुका अनुसार प्रतिक भारतको सिक्कममा लुकेर बसेको आंशका गरिएको छ । डा. इन्द्रजितका छोरा निरज राई पनि फरार छन् ।

### मृत्युमार्ग ...

गाडी सञ्चालनमा रोक लगाउन, चालकलाई यान्त्रिक ज्ञान र सीप सिकाउन, निश्चित समयमै सवारी साधनको मर्मतसम्भार गर्न, स्थानीय तहमै सवारी साधनको परीक्षण गर्ने व्यवस्था गर्न हुनुपर्नेमा विज्ञको जोड छ । तर, सरकारले २० वर्षे सवारीसाधन हटाउने नीतिको समेत पूर्ण कार्यान्वयन गर्न सकेको छैन ।

हाल नेपालमा एक लाख किलोमिटर सडक छन् । त्यसमा १६ देखि २० हजार किलोमिटर सडक विभागको जिम्मामा छ भने अरु सडक स्थानीय सरकार, जलविद्युत् आयोजना, निजी उद्योग, बहुराष्ट्रिय कम्पनीहरूले निर्माण गर्छन् । तर, निर्माण गरिएका सडक सुरक्षित छन् वा छैनन् भनेर जाँचबुझ गर्ने निकाय बन्न नसक्दा दुर्घटना बढेको विज्ञहरुको बुझाई छ । नेपालमा यातायात नीति, सडक सुरक्षा जनचेतना अभाव र सवारी अनुमतिको खुकुलो व्यवस्थाले सडक दुर्घटना बढेको देखिन्छ । तसर्थ, दिनहुँ हुने दुर्घटना न्यूनीकरणका लागि तीन तहकै सरकारले समन्वय गरेर सडक नीति ल्याउनुपर्ने देखिन्छ । अन्यथा, सरकारको उदासीनताले सडक दुर्घटनाको ग्राफ झनै बढेर जाने निश्चित छ ।

### साउदी...

कामदारको प्रमुख गन्तव्य मुलुक साउदी अरेबियामा हाल ६ सय बढी वैदेशिक रोजगार व्यवसायीले कामदार पठाउने गरेका छन् । तर उक्त मुलुकसँग कामदार आदानप्रदानसम्बन्धी द्विपक्षीय श्रम सम्झौता हुन नसकेका कारण दूतावासले पटक-पटक नयाँ बहानाबाजी गरेर दुःख दिएको व्यवसायीहरूले गुनासो गर्ने गरेका छन् ।

संघले नेपालबाट साउदी अरेबियालगायत खाडी मुलुक र मलेसियामा रोजगारी गर्न जाने अधिकांश नेपाली कामदार अदक्ष रहेको र उनीहरू पुस्तौनी र परम्परागत काममा निपूर्ण रहेकाले उनीहरूलाई शैक्षिक प्रमाणपत्र अनिवार्य गर्नु प्रकारान्तरले रोजगारीबाट बञ्चित गर्ने प्रपञ्च भएको बताएको छ ।

साउदी समस्या समाधान समितिका संयोजक पौडेलले कामदारको योग्यता तोक्ने काम दूतावासको नभई कामदारलाई रोजगारी दिने कम्पनीको विषय भएको भन्दै शैक्षिक प्रमाणपत्र माग गर्ने दूतावासको नीति आर्थिक र व्यवहारिक दृष्टिकोणले समेत अनुचित र झन्झटिलो रहेको टिप्पणी गरे ।

उनले यसअघि लेबर भिसामा जाने नेपाली कामदारलाई शैक्षिक प्रमाणपत्र अनिवार्य नगर्न पटक-पटक ध्यानाकर्षण गराएको भएपनि दूतावासले साउदी सरकारको निर्णय भन्दै प्रमाणित शैक्षिक प्रमाणपत्र अनिवार्य गरिएको जवाफ दिइरहेको बताए ।

पौडेलले साउदीका समस्या गम्भीर भएपछि ठोस निर्णय लिनुपर्ने भएकाले मंगलबार संघ कार्यालयमा कार्यसमिति र घटक संस्थाका प्रतिनिधिको संयुक्त वैठक बोलाइएको जानकारी दिए । उनले उक्त बैठकमा यस विषयमा गम्भीरताका साथ छलफल गरेर परराष्ट्र मन्त्रालयमार्फत अघि बढ्ने प्रारम्भिक धारणा रहेको जानकारी दिए ।

कतिपय व्यवसायीले भने साउदी अरेबियाको आर्थिक विकासमा नेपाली कामदारको उच्च योगदान भएपनि दूतावासका पछिल्ला कदम र व्यवहार कामदार तथा वैदेशिक रोजगार व्यवसायीलाई अपमानित गर्ने प्रकृतिको देखिएकाले दूतावास लचिलो नबनेको अवस्थामा नेपाली कामदार पठाउन रोक्नुपर्ने बताएका छन् ।

### सर्लाही...

विदेश नपठाएपछि पीडितका तर्फबाट जिल्ला प्रशासन कार्यालयमा उजुरी परेको थियो ।

सोही उजुरीका आधारमा ठगी गर्ने व्यक्तिबाट रकम फिर्ता गराई सोमबार सूर्याकुमारकी आमा रामरिखी देवीलाई कार्यालयमा रकम हस्तान्तरण गरिएको सर्लाहीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले मध्यान्हलाई जानकारी दिए ।

रामरिखीका छोरा सूर्याकुमार भने अर्कै व्यक्तिमार्फत वैदेशिक रोजगारीमा गइसकेका छन् । वैदेशिक रोजगारीको क्रममा भएका यस्ता किसिमका ठगीको घटनाबारे जिल्ला प्रशासन कार्यालयमा उजुरी दिन सक्ने कानूनी व्यवस्था छ ।

# पीडितलाई क्षतिपूर्ति र पीडकलाई कारबाही गर्न आयोगको आग्रह




**काठमाडौं/मस**–राष्ट्रिय मानव अधिकार आयोगले सरकारलाई यातनापीडित सम्बन्धी उजुरीमा गरेको सिफारिसमा पीडितलाई क्षतिपूर्ति र पीडकलाई कारबाही गर्न आग्रह गरेको छ ।

आयोगका प्रवक्ता डा.टीकाराम पोखरेलद्वारा सोमबार जारी विज्ञप्तिमा आयोगले यातनासम्बन्धी उजुरीहरुमा पीडितलाई क्षतिपूर्ति र पीडकलाई कारबाही तथा पीडकबाट क्षतिपूर्ति भराउने जस्ता सिफारिस सरकारलाई गरेको उल्लेख गर्दै ती सिफारिस कार्यान्वयनमा जोड दिन स्मरण गराएको छ ।

यातनासम्बन्धी उजुरीहरुमा करिब दुई सय वटाको आयोगले सिफारिस गर्दै पीडितलाई क्षतिपूर्ति र पीडकलाई कारबाही गर्न भनेको छ । ‘यी सिफारिसको कार्यान्वयनको सन्दर्भमा केहीमा पीडितहरुलाई क्षतिपूर्ति दिलाउनेबाहेक पीडकलाई कारबाही गर्ने कार्यहरु अत्यन्त न्यून देखिएकाले आयोगको सिफारिस कार्यान्वयनमा जोड दिन सरकारलाई यस अवसरमा आयोग पुनः स्मरण गराउँदछ’, विज्ञप्तिमा उल्लेख गरिएको छ ।

उनका अनुसार हाल आयोगमा यातनासम्बन्धी तीन सय ५८ वटा उजुरीहरु विचाराधीन अवस्थामा रहेका छन् । ‘स्थापनादेखि नै यातना दिइने कार्यको विरुद्ध अनुगमन तथा अनुसन्धान गर्दै आइरहेको छ ।

# अनलाइन जुवा खेलाएको आरोपमा चार जना पक्राउ

**काठमाडौं/मस**–अनलाइन जुवा खेलाएको आरोपमा प्रहरीले चार जनालाई पक्राउ गरेको छ ।

काठमाडौं उपत्यकाका विभिन्न ठाउँमा बसोबास गर्ने राजा चौधरी समेतका व्यक्तिहरूले वान एक्स बेटबाहेक अन्य विभिन्न अनलाइन क्यासिनो गेम (जुवा)हरुमा अनलाइनमार्फत बाजी राख्दा जितिन्छ भन्ने विश्वास दिलाई हारजित हुने र आफूले लाभ लिने उद्देश्य राखी सट्टावाजी गराई खेल खेलाउने गरेको पाइएपछि पक्राउ गरिएको हो ।

गोप्य सूचनाका आधारमा राजा चौधरीलगायतका व्यक्तिहरुको निगरानी राखी खोजतलास गर्दै जाँदा काठमाडौं महानगरपालिका-१४ कङ्लकीसहित, ठमेल र बालाजु हाइटलगायतका क्षेत्रबाट उनीहरुलाई गएराति पक्राउ गरी आज थप कारबाहीका लागि जिल्ला प्रहरी परिसरमा बुझाइएको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरी उपरीक्षक रवीन्द्र रेग्मीले बताए ।

सोधपुछ गर्दा उनीहरुले मोबाइलमा विभिन्न जुवा खेलाउने अनलाइन प्लेटफर्मको प्रयोग गरी अनलाइन क्यासिनो गेमहरुमा अनलाइनमार्फत नै रकमको बाजी राख्न लगाई सट्टाबाजी गराई खेल खेलाउने गरेको खुलेको छ ।

## साउदीमा रोजगार

कम्पनी : ABDULLAH MOHAMMED JABIR AL- YAMI GENERAL CONTRACTING COMPANY
शहर: Riyadh

पूर्व स्वीकृत मिति : २०८०/०३/११ चलानी नं.: ६०२०३८९३ L.T. No.: 288151

| सि.नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | SR | ने. रु. | | | | | | | |
| 1. | Construction Site Supervisor | 1 | 0 | सम्बन्धित काममा दक्ष | 2500 | ८७,२०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असार १९ गते (4 July 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्योहोने | रोजगारदाताले व्योहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**युनाईटेड प्लेसमेन्ट एण्ड इम्प्लोईमेण्ट सर्भिस प्रा. लि.**
पो.ब.नं. ८९७५, इपिसी १८२१, चावहिल, काठमाडौं, नेपाल, फोनः ४५८३९९७
E-mail: upesoverseas44@gmail.com / unitedplacement121@gmail.com /info@upesoverseas.com
श्रम इजाजत नं. ४४/०४९/०५०

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७०/०५/१४ मा दर्ता भएको **प्रा.लि. नं. ११५६३३/०७०/०७१** को **मेघा एग्रो इण्डष्ट्रिज प्रा.लि.** को मिति २०८०/०३/१२ को विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।
**लिक्वीडेटरः श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४,**
**ठेगानाः बबरमहल, काठमाडौं, फोन नं. ९८५१२१७००४**

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७७/०७/२७ मा दर्ता भएको **प्रा.लि. नं. २४७४२७/०७७/०७८** को **गाँउले मीट प्रा.लि.** को मिति २०८०/०३/१२ को विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।
**लिक्वीडेटरः श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४,**
**ठेगानाः बबरमहल, काठमाडौं, फोन नं. ९८५१२१७००४**

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७७/०५/२८ मा दर्ता भएको **प्रा.लि. नं. २४१६२४/०७७/०७८** को **सिक्स ब्रदर्स इन्भेष्टमेन्ट ग्रुप प्रा.लि.** को मिति २०८०/०३/१२ को विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।
**लिक्वीडेटरः श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४,**
**ठेगानाः बबरमहल, काठमाडौं, फोन नं. ९८५१२१७००४**

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७५/१२/१४ मा दर्ता भएको **प्रा.लि. नं. २११७७९** को **कञ्चन एण्ड कुञ्जन एग्रिकल्चर प्रोडक्सन प्रा.लि.**को मिति २०८०/०२/११ गतेमा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।
**लिक्विडेटरः शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७, ठेगाना : बबरमहल, काठमाडौं फोन नं. ९७४६४९१७१३, ईमेल :** rokayasherbahadur723@gmail.com

# जनमत पार्टीले जलायो बजेटको प्रतिलिपि

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, ११ असार

संघीय सरकारले आगामी आर्थिक वर्षका लागि ल्याएको बजेट मधेश विरोधी भएको भन्दै जनमत पार्टीका नेता कार्यकर्ताहरूले बजेटको प्रतिलिपि जलाएका छन्।

सोमबार दिउँसो गौरमा विरोध प्रदर्शन गर्दै नगर परिक्रमा गरी मधेशी क्रान्ति चोकमा बजेटको प्रतिलिपि जलाएका हुन्।

जनमत पार्टी रौतहटका निर्वतमान जिल्ला सचिव विकास कुमार यादवले संघीय सरकारले ल्याएको बजेटमा मधेश प्रदेशलाई उपेक्षा गरी सबैभन्दा कम बजेट विनियोजन गरिएकोले विरोध गरिएको बताए। संघीय सरकारले बजेट संशोधन नगरे अझ सशक्त आन्दोलनमा उत्रिने उनले चेतावनी समेत दिए। प्रदर्शनमा जनमत पार्टीका केन्द्रीय कार्यकारिणी सदस्य डा. सुबन्त कुशवाहा, नेता अशोक कुमार सिंह, पूर्व जिल्ला इन्चार्ज विनय कुमार वर्मा, जिल्ला इन्चार्ज रामलाल यादव, नथुनी मुखीया लगायतका नेता कार्यकर्ताहरूको सहभागिता रहेको थियो।



# जगरनाथपुर गाउँपालिकाले ल्यायो ४१ करोड ८८ लाखको बजेट




**रहमुल लहान/मध्यान्ह**
पर्सा, ११ असार

पर्साको जगरनाथपुर गाउँपालिकाले ४१ करोड ८८ लाखको बजेट ल्याएको छ। आइतबार गाउँपालिका अध्यक्ष श्रीकान्त प्रसाद यादवको अध्यक्षमा सम्पन्न ९औं गाउँ सभामा अगामी आर्थिक वर्ष २०८०/०८१ का लागि ४१ करोड ८८ लाख बराबरको बजेट प्रस्तुत गरिएको हो। केन्द्र सरकारको सशर्त चालुतर्फ १६ करोड २६ लाख, पुँजिगततर्फ ८६ लाख, सरकारको समपुरक अनुदान ५० लाख, सरकारको विशेष अनुदान ८० लाख, प्रदेश सरकारको समपुरक अनुदान २० लाख, प्रदेश सरकारको विशेष अनुदान ३० लाख गरी जम्मा बजेट ४१ करोड ८८ लाख एक हजार एक सय एक रुपैयाँ रहेको छ।

शिक्षातर्फ २ करोड ३५ लाख २० हजार, स्वास्थ्यतर्फ १ करोड १३ लाख, कृषितर्फ ८५ लाख ५५ हजार, खेलकुदतर्फ १२ लाख, सामाजिक समावेशीकरणमा १ लाख, वन तथा विपद व्यवस्थापनमा ४ लाख ७५ हजार, सोलार सौर्य बत्ती बिजुली जडानमा ४ लाख ३० हजार, मठ मन्दिर तथा मस्जिद सांस्कृतिक सम्पदामा १ करोड ४३ लाख, कार्यालय सञ्चालन तथा प्रसासनिक खर्च तथा कर्मचारीको तलब भत्तामा ८करोड ७९ लाख ९ हजार एक सय एक रुपैयाँ विनियोजन गरिएको छ।

गाउँपालिका अध्यक्ष यादवले विद्यार्थीहरुलाई 'ल्याउ, टिकाउ र सिकाउ' अभियान सञ्चालन गरिने वताए। उनले विद्यालयलाई अपांगता तथा बालमैत्री बनाइने वताए। उनले भने, 'कक्षा १० का विद्यार्थीहरुका लागि अतिरिक्त कक्षा सञ्चालन गरिने छ। एसईईमा उत्कृष्ट अंक ल्याएर उत्तीर्ण हुने छात्र/छात्राहरुलाई प्रोत्साहनसहित छात्रवृत्ति प्रदान गरिने छ।'

अध्यक्ष यादवले गाउँपालिकाबाट प्रवाह हुने सेवा मुस्कानसहित प्रदान गरिने वताए। उनले सासु, ससुरालाई राम्रोसँग स्याहार सुसार गर्ने बुहारीलाई सम्मान गरिने समेत बताए। प्रत्येक वडाको स्वास्थ्य चौकीमा एमबीबीएस डाक्टरको व्यवस्था गरिने र गाउँपालिकामा १५ बेडको अस्पताल सञ्चालनका लागि संघ र प्रदेश सरकारसँग पहलन गरिने उनले बताए।

उनले जगरनाथपुर गाउँपालिकालाई समृद्ध र सुखी बनाउने दीर्घकालीन उद्देश्यअनुरुप आर्थिक, सामाजिक विकासको मौलिक ढाँचामा गाउँपालिका अगाडि बढिरहेको बताए।

जगरनाथपुरमा गाउँपालिकाको सन्ठी मा.बि औराहामा भएको ९ औं गाउँ सभाको नेपाली कांग्रेस पर्साका प्रदेश सभा सदस्य शंकर प्रसाद चौधरी, गा.पा प्रमुख यादव, गा.पा उपप्रमुख बबिता सिंह, गा.पा प्रमुख प्रशासकीय अधिकृत कृष्ण नन्दन रायले संयुक्त रुपमा दीप प्रज्वलन गरी उद्घाटन गरेका थिए। गाउँसभा उद्घाटन सत्रमा जगरनाथपुर गाउँपालिकाका प्रमुख यादवको अध्यक्षता तथा नेपाली कांग्रेसका नेता तथा प्रदेश सभा सदस्य चौधरी, विशिष्ट अतिथि नवीन सिंहसहित सहरुम राउत गदि, महम्द अफताब आलम, नेपाली कांग्रेस पर्सा क्षेत्र नं ४ का क्षेत्रीय सचिव बलिष्टर अहमद, प्रमुख प्रशासकीय अधिकृत राय, वडाध्यक्षहरु लक्ष्मी साह तेली, नेपाली प्रसाद कुशवाहा, सुभाष कुमार यादव, प्रभुनाथ प्रसाद नुनिया, बिहारी महतो नुनिया, अयोध्या प्रसाद कुर्मी, गा.पा.का वडा सचिव, कर्मचारी, शिक्षकलगायतको उपस्थिति रहेको थियो।

रुकुम पश्चिम डायरी
**प्रचण्ड खत्री/मध्यान्ह**

# आठविसकोटले ल्यायो साढे ६३ करोडको बजेट



रुकुम पश्चिमको आठविसकोट नगरपालिकाले आगामी आर्थिक वर्ष २०८०/०८१ का लागि साढे ६३ करोड रुपैयाँको बजेट ल्याएको छ। सोमबार नगरपालिकाकी उपप्रमुख धनकुमारी शाहीले १४औं नगर सभामा आगामी आर्थिक वर्षका लागि ६३ करोड ५० लाख ६४ हजार ४ सय ४८ रुपैयाँको बजेट पेस गरेकी हुन्।

चालुतर्फ कुल बजेटको ६३.७८ प्रतिशत अर्थात् ४० करोड ५० लाख २५ हजार ४ सय ४८ रुपैयाँ रहेको छ। पुँजीगततर्फ २३ करोड ३९ हजार रुपैयाँ रहेको छ। जुन कुल बजेटको ३६.२२ प्रतिशत हो। आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतमध्ये आन्तरिक राजस्वबाट २ करोड ८० लाख, संघीय सशर्त अनुदानबाट (चालु) तर्फ २४ करोड १४ लाख, संघीय सशर्त अनुदान (पुँजीगत)तर्फ १ करोड ३९ लाख, संघीय सरकार राजस्व बाँडफाँटतर्फ १३ करोड ३८ लाख २२ हजार, संघीय समपुरक अनुदानबाट ९० लाख रुपैयाँ रहेको नगरपालिकाका प्रवक्ता देबबहादुर घर्तीले बताए।

प्रदेश सरकार राजस्व वित्तीय समानीकरण अनुदानबाट १ करोड २१ लाख ७७ हजार रुपैयाँ, प्रदेश सरकार राजस्व बाँडफाँटबाट २० लाख ७७ हजार ४ सय ४८ रुपैयाँ, प्रदेश सरकार सशर्त अनुदानवाट (चालु)तर्फ ३ करोड ५१ लाख ८८ हजार रुपैयाँ, प्रदेश सरकार सशर्त अनुदान (पुँजीगत)तर्फ २ करोड १० लाख रुपैयाँ, प्रदेश सरकार समपुरक अनुदानबाट १ करोड ५० लाख रुपैयाँ प्राप्त हुने प्रवक्ता घर्तीको भनाइ छ। नगर सभाले आठविसकोट नगरपालिका विनियोजन विधेयक २०८० र आर्थिक विधेयक २०८० पास गरेको छ। सोमबार बजेट सार्वजनिक गरेको नगरपालिकाले आइतबार नीती कार्यक्रम ल्याएको थियो।

# बाँफिकोटको बजेट ५५ करोड



रुकुम पश्चिमको बाँफिकोट गाउँपालिकाले आगामी आर्थिक वर्ष २०८०/८१ को लागि नीति तथा कार्यक्रम र बजेट सार्वजनिक गरेको छ। गाउँ सभाको ८ औं अधिवेशनमा गाउँपालिकाका अध्यक्ष जनककुमार बाँठाले नीति तथा कार्यक्रम र उपाध्यक्ष तारा बुढा केसीले बजेट पेश गरेका हुन्।

उपाध्यक्ष केसीले सभामा कुल ५५ करोड ५ लाख १० हजारको बजेट पेश गरेकी हुन्। जसमध्य चालु खर्चतर्फ ३५ करोड ६३ लाख ७७ हजार १३३ रुपैयाँ र पुँजिगत खर्चतर्फ १९ करोड ४१ हजार ६८ हजार ८६६ रुपैयाँ विनियोजन गरिएको गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत दुर्गाबहादुर ओलीले जानकारी दिए।

अधिकृत ओलीका अनुसार प्रदेश सरकारको सम्पूर्ण बजेट सिलिङ आइनसकेकोले प्रमाणित बजेट असार ३० गते सार्वजनिक गर्ने कार्यक्रम रहेको छ। सभाले भू-उपयोग कार्यविधि, २०८० समेत पास गरेको गाउँपालिकाले बताएको छ।

# मदिरा निषेधित क्षेत्र कार्यान्वयन हुन सकेन

**दिपक बाबू साउद/मध्यान्ह**
दार्चुला, ११ असार

दार्चुलाको लेकम गाउँपालिकालाई मदिरा निषेधित क्षेत्र घोषणा गरिएपनि कार्यान्वयन भने हुन सकेको छैन।

लेकम गाउँपालिकाको केन्द्र रातामाटा नजिकै खुलेआम मदिरा बेचबिखन भइरहेको स्थानीयले बताएका छन्। पालिकाको केन्द्र भन्दा करिब एक सय मिटर र हुनैनाथ मावि रातामाटाको करिब ५० मिटर आसपासमा धमाधम मदिरा बेचबिखन भइरहेको स्थानीयले बताएका छन्। यसरी खुलेआम मदिरा बिक्री भएपनि पालिका कानमा तेल हालेर बसेको स्थानीयको आरोप छ।

पालिकाको केन्द्र नजिकै यसरी मदिरा बेचबिखन हुँदा समेत पालिकाले कुनै चासो नदिँदा जनप्रतिनिधि र कर्मचारीको मिलोमतोमा मदिरा बेचबिखन हुने गरेको स्थानीयको आशंका छ।

पालिकाका ६ वटै वडामा अवैध रुपमा मदिरा बेचबिखन हुने गरेको छ। पालिकाले २०७४ सालदेखि नै पालिका ६ वटै वडाभित्र मदिरा बेचबिखनमा प्रतिबन्ध लगाएको थियो। तर पालिकाले कार्यान्वयन भने अझैं गर्न सकेको छैन्।

लेकममा विगत ४/५ वर्षको समयमा मदिराकै कारण हत्या, हिंसाका कयौं घटनाहरु घटिसकेका छन्। मदिराकै कारण लेकमका ५,६ जनाको ज्यान समेत गएको छ। यति हुँदा समेत पालिकाले मदिरा बेचबिखनमा पूर्ण प्रतिबन्ध लगाउन अझै सकेको छैन्।

मदिरा निषेधित क्षेत्र रहेको लेकम गाउँपालिकामा अवैध रुपमा ओसारपसार गरेर मदिराको कारोबार ब्यापक छ।

लेकमका स्थानीयले मदिरा बेचबिखनमा पूर्ण प्रतिबन्ध हुनुपर्ने माग पटक-पटक राख्दै आएका छन्। पालिकाले पूर्ण प्रतिबन्ध लगाउन नसक्ने भए मदिरा बेचबिखन गर्न इजाजतपत्र (लाइसेन्स) खुला गर्नुपर्ने स्थानीयको माग छ।

मदिरा बिक्रीको इजाजतपत्र खुला गरे यसरी अवैधरुपमा मदिरा बेचबिखन नहुने र पालिका र सरकारको राजस्वमा पनि वृद्धि हुने स्थानीयको भनाइ छ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
कम्पनीको दर्ता खारेज गरिएको सूचना
यस कार्यालयमा मिति २०६१/०८/०२ मा दर्ता भएको **प्रा.लि. नं. ३१५६५** को **हिल्सा टुर्स एण्ड ट्राभल्स प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०३/१० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) को बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
कम्पनीको दर्ता खारेज गरिएको सूचना
यस कार्यालयमा मिति २०७५/१२/०४ मा दर्ता भएको **प्रा.लि. नं. २११०३७** को **रति अतिथी सत्कार ट्राभल्स एण्ड टुर्स प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०३/११ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) को बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

UAE मा वैदेशिक रोजगारको अवसर
कम्पनी: WATER SEAL INSULATION MAT. CONT. CO. L L C — शहर: UAE
पूर्व स्वीकृत मितिः २०८०/०१/११ — चलानी नं.: ६०२०३६६६ — LT. No.: 288325

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Insulation worker | 25 | 0 | स. काममा दक्ष | 1000 | ३५,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० असार १९ गते (4 July 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/ कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने / प्रिमियम रोजगारदाताले तिर्ने | कामदार आफैले | कामदार आफैले | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

**बैदेशिक रोजगार विभागबाट गराएको जानकारी** :- १. आफ्नो नाममा भिजा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफु सँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला।

सुकर्म ओभरसिज प्रा. लि.
श्रम इजाजत नं. ५३१/०६१/०६२
सिनामंगल-९, काठमाडौं, नेपाल, फोन: ४४६४३५४, ४४६४८६६, फ्याक्स् : ४४८८४२२,
E-mail : sukarmaoverseas@yahoo.com, Web : www.sukarmaoverseas.com.np

# पुरातात्विक महत्वका कलाकृति फिर्ता ल्याइँदै

**काठमाडौं/मस-** अस्ट्रेलियाको 'नेशनल ग्यालरी'मा रहेका नेपाली पुरातात्विक महत्वका चार थान काठका कलाकृति नेपाल फिर्ता ल्याइने भएको छ।

नेपाली कलाकारले २० औं शताब्दीभन्दा अगाडि बनाएका काठका कलाकृति विभिन्न माध्यमबाट क्यानबेरास्थित नेशनल ग्यालरी अफ अस्ट्रेलिया पुगेका थिए। नेशनल ग्यालरीले नै कलाकृति नेपाली दुतावासलाई हस्तान्तरण गरेको थियो। यसरी हस्तान्तरण गरिएका चार थान काठका कलाकृति सांग्रीला इन्टरनेशनल फ्रेट प्रालिले नेपाल ल्याउन लागेको हो। कूल २२ सेन्टिमिटर उचाइ ४३ दशमलव छ सेन्टिमिटर चौडाइ र ११ सेन्टिमिटर गहिराइको सानो आयताकार प्यानल एउटा र तीन वटा विभिन्न साइजका 'आर्क' शैलीका प्यानल छन्।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
कम्पनीको दर्ता खारेज गरिएको सूचना
यस कार्यालयमा मिति २०७६/०२/०२ मा दर्ता भएको **प्रा.लि. नं. २२७८४०** को **ई.एन.आर. ईन्जिनियरिङ्ग कन्सल्टेन्सी एण्ड कन्स्ट्रक्सन प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०३/१० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) को बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

JAPAN र KOREA मा काम गर्न जान लाग्नुभएको छ ?
यहाँ JAPAN र KOREA मा काम गर्न जाने नेपाली श्रमिकहरुका लागि विशेष दुईदिने ओरियन्टेशन क्लासका साथै मेडिकल जाँच पनि गरिन्छ।
Kathmandu Orientation (P) Ltd.
Nippon Medical Center (P) Ltd.
नयाँ बसपार्क, माछापोखरी चोक, काठमाडौं
सम्पर्क: 01-4958923 / 01-4952044
मो: 9741818340 ( WhatsApp/Viber )

## Birgunj Metropolitan City
## Office of the Metropolitan Executive
**Birgunj, Parsa**

### Intention for Award of Contract

**Date of Publication: 2080/03/12**

Pursuant to clause 27 (2) of Public Procurement Act 2063, this is to notify to all concerned bidders that the following substantially responsive lowest bidder have been selected to award the contract as per the Invitation for Bids published on Jan Sawal National Daily Newspaper on 2079/11/19. Birgunj Metropolitan City intends to award the contracts to the same.

| S.N. | Contract No./ Name of Contract | Name of successful bidder | Total Bid Price including of VAT (NRs.) |
|---|---|---|---|
| 1 | BMC/NCB/GOODS/2079/080/54 (Supply and Delivery of Sarvottam Pitho (Wheat:Soya:Maize/Rice (1:1:1) Blend with Sugar Fortified Food)) | Nepal Swasth Food Industries Pvt. Ltd., Biratnagar-5, Morang | 3,874,753.73 |

GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.oscegmail.com
थप जानकारीको लागि
QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!
TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara, Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoonemos.co.np
www.harvestmoongroup.com

मध्यान्ह
www.madhyanhadaily.com
१२ असार २०८०, मंगलबार
27 June 2023, Tuesday

सम्पादकीय

## स्वार्थको सम्भावित संकट

नामाकरणमै विवादित बन्न पुगेको कोशी प्रदेश सरकारबारे थप सम्भावित संकट देखिएको छ । प्रदेश सरकार निर्माणको दायित्व र अधिकार प्रदेशसभामै निहीत रहेपनि अहिले नयाँ सरकार गठनबारे राजधानी काठमाडौंमा गृहकार्य भइरहेको छ । गएको १७ र २१ जेठमा जनता समाजवादी पार्टी (जसपा) र नेकपा माओवादी केन्द्रले समर्थन फिर्ता लिएपछि नेकपा एमाले नेतृत्व सरकार अल्पमतमा परेको थियो । अल्पमतमा परेपनि मुख्यमन्त्री हिक्मत कार्कीले पदबाट राजीनामा दिएका छैनन् । बरू उल्टै मुख्यमन्त्री कार्की फेरि विश्वासको मत लिएर पद जोगाउने धाउन्नमा छन् । अहिले मुख्यमन्त्री कार्कीलाई एक सिटको अभाव छ । ९३ सदस्यीय प्रदेशसमा एमालेसँग ४० र सरकारलाई समर्थन गरिरहेको दल राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) सँग ६ सिट रहेकाले बहुमतका लागि एक सिट पुग्दैन । त्यो एक सिट जसरी पनि जुटाउने प्रयासमा एमाले नेताहरू लागिपरेका छन् ।

संघीय सरकारको नेतृत्व गरिरहेका सत्तारूढ दलहरू पनि नयाँ सरकार गठनको सकसमा छन् । नयाँ सरकार निर्माणबारे नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी र जसपा गृहकार्य गरिरहेको छ । तर प्रदेशसभामा २९ सिट रहेको कांग्रेस, १२ सिटको माओवादी, ४ सिटको एकीकृत समाजवादी र १ सिटको जसपासँग पनि नयाँ सरकार गठनका लागि आवश्यक सिट संख्या पुग्ने देखिदैन । किनकि माओवादीका एक सांसद सभामुख छन्, तसर्थ सत्ताको नेतृत्व दावी गर्न आवश्यक ४७ सिटमा एक सिटको अभाव हुन्छ । दुवैतिर बहुमत नपुग्ने समीकरण निर्माण हुनुमा प्रदेशसभा नभएर राष्ट्रिय राजनीतिको ध्रुबिकरणले काम गरेको छ ।

यदि राष्ट्रिय राजनीतिको समीकरण नभइ प्रदेशसभाले स्वायत्त अभ्यास गर्ने थिए भने एक सिटको अप्ठ्यारोमा प्रदेश सरकार अल्भिनुपर्ने थिएन । अहिलेकै सरकारलाई कुनै एक दलले समर्थन गर्दा बहुमत पुग्छ, प्रदेश सरकारले निरन्तरता पाउँछ । होइन नयाँ सरकार निर्माणमै पनि राप्रपाले साथ दिने हो भने प्रदेशसभाले सरकार पाउँछ । तर सिंहदरबारले तयार पारेको समीकरणका कारणले दुवै संभावना निर्माणमा सकस बढिरहेको छ । त्यो सकसले प्रदेशसभालाई चुनाव भएको सात महिनाभित्रै मध्यावधिमा लैजाने खतरा बढेको छ । कुनैपनि संभावनामा सरकार नबने मध्यावधिमा जाने व्यवस्था संविधानमा छ । यस्तो संकट आउनुको कारण दलहरूको सत्ता स्वार्थ हो, जुन सिंहदरबार केन्द्रीत छ । यो सिंहदरबार केन्द्रीत सत्ता स्वार्थले प्रदेशसभालाई मध्यावधिमा लैजानु भनेको अन्ततः संघीयताप्रति नागरिक बितृष्णा बढाउनु हो, त्यसले मुलुकलाई लैजाने अस्थीरतातिर हो ।

# अर्थतन्त्रमा राजनीतिक अस्थिरताको प्रभाव

अग्रलेख



● डा. दिबाकर वशिष्ठ




*१० वर्षे जनयुद्धले देशको अर्थतन्त्रमा करिब ९३ अर्बको क्षति पुगेको देखिन्छ । तत्कालीन युद्ध र हालसम्मकै राजनीतिक अस्थिरता र कोभिड १९ सँगै शुरु भएको विश्व आर्थिक मन्दीको कारण समेत देशमा दर्जनौ विकासका गतिविधिमा चुनौतीहरु थपिएका छन् । मुलत चुनौती बढ्दै जानुमा बढी जिम्मेवार राजनीतिक अस्थिरता नै हो भन्नुमा अत्युक्ति नहोला ।*

मुलुकले आर्थिक विकासका समष्टिगत सूचकलाई स्थायित्वतिर लैजान केही वर्ष मात्र होइन, दशक नै लाग्न सक्छ । यो कुरा राज्यले कस्तो नीति अंगिकार गर्दछ र त्यसको नेतृत्व कसले लिने र आर्थिक विकासलाई कसरी अगाडि वढाउँदछ भन्ने कुरामा निर्भर रहन्छ । विश्वमा सन् १९९० को दशकपछि आर्थिक उदारिकरण र खुला बजार अर्थतन्त्रको लहर नै चल्यो । आर्थिक उदारिकरणको यो दौडमा विश्वका धेरै देश प्रवेश गर्दै आफ्ने देशको अर्थतन्त्रलाई समृद्धिको बाटोतर्फ लगि रहेका छन् । यसैबिच उत्तर छिमेकी चीनले आफुलाई विश्वकै ठूलो अर्थतन्त्रको दर्जामा उभ्यायो । आर्थिक उदारिकरणको नीति अवलम्बन गर्ने समयमा दक्षिण छिमेकी भारतको अर्थतन्त्र डामाडोल अवस्थामा थियो, उक्त देश अहिले तिव्र आर्थिक विकासको कारण ठूलो आर्थिक शक्तिको रूपमा उदाएको छ । तर, बिडम्वना नेपालको आर्थिक विकास भिनो रह्यो ।

आर्थिक उदारिकरणको समयमा नेपालमा एकातर्फ राजनीतिक परिवर्तनले प्रवेश पाउँदै गरेको थियो भने अर्कोतर्फ वित्तीय प्रणालीमा भुक्तानी सन्तुलनको समस्या थियो । वित्तीय क्षेत्रलाई उदार तुल्याउने शर्तअनुरूप अन्तराष्ट्रिय मुद्रा कोषले नेपाललाई आर्थिक सहयोग गर्ने प्रस्ताव राखेको थियो । फलस्वरूप वि.सं.२०४१ नेपालमा स्वदेशी तथा विदेशी लगानीमा संयुक्त लगानीकर्ताको साझेदारीमा बैंकहरु खुल्न थाले र वि.सं. २०४८ पछि वास्तविकरूपमा आर्थिक उदारिकरणले गति लिएको देखिन्छ । एक उखान छ 'नयाँ दिल्लीमा पानी पर्दा नेपालमा छाता ओड्ने !' भारतबाट प्रतक्ष्य वा अप्रतक्ष्यरूपमा नेपालको राजनीति र आर्थिक विकासमा हस्तक्षेप बढाई राख्ने नीतिमा अहिले पनि कुनै परिवर्तन देखिँदैन । फलस्वरूप नेपालको राजनीतिमा पनि उक्त समयपश्चात हालसम्म जनताले अनुभुति गर्ने राजनीतिक स्थिरता र आर्थिक विकासको अनुभुति भन्ने कुरा आकासको फल आखातरी मर भन्ने सिवाय केही देखिँदैन ।

वि.सं. २०४६/०४७ को राजनैतिक परिवर्तनपछि नेपालका राजनैतिक दलहरुको लडाईं पद, प्रतिष्ठा, शक्ति, नातावाद, कृपावाद र जसरी पनि चुनाव जित्ने मनसायले अभिप्रेरित छ । यसले एकातर्फ भ्रष्टाचारलाई बढाएको छ भने संस्थागत सुशासनलाई कमजोर बनाएको छ । शक्तिशाली ठाउँमा आफ्नो मानिस छ भने केही अपवादलाई छोडेर जति नै अपराध वा भ्रष्टाचार गरे पनि क्षम्य हुने स्थितीप्रति सबै जानकार छन् । सरकारले गर्ने निर्णय, ल्याउने ऐन तथा कानुन विवाद मुक्त हुन सकेको अवस्था छैन । सहभागितामुलक व्यवस्थापन कुरामा मात्र सिमित हुन थालेको छ । सरकार र सर्वसाधरण तथा संस्था र कर्मचारीबिच दोहोरो सञ्चारको अवस्था न्यून हुँदै गएको छ । एउटै दलभित्र सञ्चारको अभाव, पद र प्रतिष्ठालाई लिएर बेला-बेलामा हुने जुंगाको लडाईं तथा अन्तरपार्टी बेमेलले जरा गाडेको छ । द्वन्द्वको समाप्तीपछि नयाँ संविधानअनुसार राज्यको आर्थिक रूपान्तरण हुने र आर्थिक सुधारको कार्यक्रमबाट देशमा लगानीमैत्री वातावरण सिर्जना हुने साथै विदेशी लगानीको अवसर सिर्जना भई विकास निर्माणले गति लिने जुन अपेक्षा गरिएको थियो, त्यो पुरा हुन नसक्दा दिन प्रतिदिन सर्वसाधारण जनता निराश हुँदै गएका छन् ।

